संक्षिप्त प्राविधिक ज्ञान

# टियोसेन्टी

टियोसेन्टी एकवर्षिय अकोशे घाँस हो । यो उष्ण तथा समशीतोष्ण हावापानीमा भएका स्थानहरूमा उपयुक्त हुन्छ ।

**माटोः** सबै खालको माटोमा लगाउन सकिन्छ । तर पानी जम्ने ठाउँमा हुँदैन ।

**बीउको मात्राः** ३५ देखि ४० केजी प्रति हेक्टर

**लगाउने समयः** सिँचाई सुविधा भएका ठाउँमा चैत बैशाखमा र सिँचाई नभएका ठाउँमा जेठ असारतिर लगाउन सकिन्छ ।

**लगाउने तरिकाः** खनजोत गरी बुर्बुराउदो बनाइएको जग्गामा छर्ने ।

**कटाई तथा उत्पादनः**

- लगाएको ६ देखि ८ हप्तामा पहिलो पटक काट्न सकिन्छ ।
- प्रति हेक्टर हरियो घाँस उत्पादन ३० देखि ४० टनसम्म हुन्छ ।

# भटमासे

भटमासे बहुवर्षिय कोशे घाँस हो । समुन्द्री सतहदेखि २००० मिटरसम्म यसको राम्रो खेती गर्न सकिन्छ ।

**माटोः** सबै खालको माटोमा लगाउन सकिन्छ ।

**बीउको मात्राः** ४० देखि ५० केजी प्रति हेक्टर ।

**लगाउने समयः** जेठदेखि असारसम्म लगाउन सकिन्छ ।

**लगाउने तरिकाः** खनजोत गरी तयार गरिएको जग्गामा बीउ छरी लगाउन सकिन्छ ।

**मलखादः** खासै आवश्यकता पर्दैन तर राम्रो उत्पादन लिनको लागि प्रति हेक्टर ५० केजी फोस्फोरस र ५० केजी पोटास राखेमा उत्पादन राम्रो हुन्छ ।

**कटाइ तथा उत्पादनः**

- लगाएको २ देखि ३ महिनामा पहिलो पटक काट्न सकिन्छ ।
- प्रति हेक्टर हरियो घाँस उत्पादन ३० देखि ४० टनसम्म हुन्छ ।
- प्रति हेक्टर १ सय २५ देखि २०० केजी बीउ उत्पादन हुन्छ ।

**नोट : प्रकाशकको अनुमति विना यस प्रकाशनको बिक्री वितरण वा कुनै पनि व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।**
*यस सामग्रीमा दिइएको जानकारी विभिन्न विज्ञको सल्लाह तथा अन्य संघसस्थाले प्रकाशन गरेका सामग्रीमा दिइएको जानकारीका आधारमा निर्माण गरिएका हुन् । यसमा समुदायले आफ्नो प्रयासमा गर्न सक्ने जानकारी दिइएको छ । तर विषेश परिस्थितिमा पुन सम्बन्धित विज्ञको सल्लाह लिनु पर्नेछ ।*